जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
स.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन
## साप्ताहिक

वर्ष ४१ अंक ३० २०७९ साल फागुन २८ गते आइतवार (12 Mar 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** अग्निपीडित परिवारलाई ... **पृष्ठ ३ मा :** रोजगारी सिर्जनाका ... **पृष्ठ ४ मा :** राष्ट्रिय सहमतिलाई कसरी ... **पृष्ठ ५ मा :** बालुवा मुनी गाडिएको ...

# आलागिमा दुई लाख ३ हजार नगदसहित ४१ लाख मुल्य बराबरको क्षति
# १८ पालिका मध्ये चार पालिकासँग मात्र बारुणयन्त्र



**राजविराज**/सप्तरीमा आगलागिका घटना दिन प्रतिदिन बढ्दै गएको छ । फागुनदेखी सुख्खा तथा हावाहुरी चल्ने मौसम रहेकोले सावधानी नअपनाउँदा अहिले आगालागिका घटनाहरु बढ्दै गएका हुन् ।

गर्मी मौसमको सुरुवात सँगै चल्ने हावाहुरीले सप्तरीमा दुई साता यता एक दर्जन आगलागिका घटनाहरु भएका छन् । आगलागिबाट एक करोड भन्दा बढीको क्षति भइसकेको छ ।

यसै क्रममा शुक्रबार साँझ जिल्लाको तिरहुत गाउँपालिका ५ लोहजरामा बिजुलीको तार सर्ट भई आगलागि हुँदा २ लाख ३ हजार नगदसहित झण्डै ४१ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

स्थानिय रामकिसुन मैरता यादवको घरमा बिजुलीको तार सर्ट भई आगलागि हुँदा टाँसिएको छिमेकी घरहरु देवनारायण ठाकुर, उपेन्द्र ठाकुर, सत्यनारायण ठाकुर र हरिनारायण ठाकुरको घर जलेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सो आगलागि कंचनरुप, हनुमाननगर कंकालिनि, राजविराज र शम्भुनाथ नगरपालिकाबाट आएका चार वटा दमकल र नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा स्थानियबासीहरुको सहयोगमा आगलागी नियन्त्रणमा आएको प्रहरीले जनाएको छ ।

आगलागिमा रामकिसुन मैरता यादवको जस्ता पत्ताको छानो र ईट्टाको पर्खाल भएको ४ वटा घर, नगद १८ हजार, गरगहना तथा अन्य सामानसहित अन्दाजी १३ लाख २३ हजार, देब नारायण ठाकुरको जस्ता पत्ताको छानो र बाँसको टाटी बेरा भएको २ वटा घर, नगद १ लाख ३० हजारसहित ८ लाख ३० हजार, उपेन्द्र ठाकुरको जस्ता पत्ताको छानो र बाँसको टाटी बेरा भएको २ वटा घर तथा अन्य सामानसहित

***बाँकी पाँच पृष्ठमा***

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# उपराष्ट्रपति पदका लागि चार जनाको उम्मेदवारी दर्ता



**राजविराज**/उपराष्ट्रपति पदका लागि चार जनाको उम्मेदवारी दर्ता भएको छ । सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्माका अनुसार तोकिएको समयभित्र ४ जनाको उम्मेदवारी परेको हो ।

नेकपा (एमाले)का तर्फबाट उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले उम्मेदवारी दर्ता गराएकी छन् । यस्तै, १० दलीय सत्तारूढ गठबन्धनका तर्फबाट जनता समाजवादी पार्टी (जसपा) नेपालका दुई जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

जसपाको तर्फबाट रामसहायप्रसाद यादव र प्रमिला यादवको उम्मेदवारी परेको छ । निर्वाचन आयोगले राष्ट्रपति पुरूष निर्वाचित भएपछि उपराष्ट्रपति महिला हुनुपर्ने जनाएपछि दुई जनाको उम्मेदवारी परेको बताइएको छ । जनमत पार्टीको तर्फबाट ममता झाको उम्मेदवारी परेको छ ।

आइतबारसम्म गठबन्धनले आधिकारिक उम्मेदवार तय गर्ने बताइएको छ । उम्मेदवारी दर्तापछि सञ्चारकर्मीसँग कुराकानी गर्दै जनमत पार्टीका अध्यक्ष सिके राउतले सत्ता गठबन्धनको तर्फबाट आइतबारसम्म साझा उम्मेदवार तय हुने बताए ।

आगामी चैत ३ गते उपराष्ट्रपति पदका लागि निर्वाचन हुँदै छ । राष्ट्रष्पतिमा भने सत्तारूढ गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल निर्वाचित भइसकेका छन् ।

निर्वाचन आयोगले शनिबार बिहान ९ बजेदेखि अपरान्ह २ बजेसम्मका लागि उम्मेदवारी दर्ताको समयसीमा तय गरेको थियो ।

## तपाई निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बालविवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,

के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनुभएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भन्सारका कर्मचारीहरु सुध्रीनु जरुरी

सप्तरीमा रहेको भन्सार कार्यालयका कर्मचारीहरुका कारण कार्यालय नै बदनाम भइरहेको छ। राजविराज भन्सार कार्यालयका कर्मचारीहरुले भारतीय नम्बरका सवारीसाधनहरुबाट ५ सय को रसिद दिएर ६ सय रुँपैया असुली गर्दै गरेपछि बदनाम भएको हो । सरकारले तोकेको राजश्व भन्दा बढी रकम लिने परिपाटीका कारण अहिले यो भन्सार कार्यालय आलोचित भएको छ। कर्मचारीहरुले भन्सार शुल्कमा मात्र नभएर एक दिनका लागि सीमा नजिकको बजारसम्म आउजाउ गर्न निशुल्क प्रदान गरिने सुविधा पासमा समेत मान्छे हेरी हेरी भारतीय सवारीधनीसँग ५० देखी २ सय रुँपैयासम्म असुल गर्ने गरेको यसअघि पनि सयौं घटना सुन्न पाइन्छ

अहिले विहेबारीको समय रहेकोले भारतबाट दैनिक दर्जनौं सवारीसाधन नेपाल भित्रिने गरेको छ। ती सबै सवारीधनी र चालकसँग त्यहाका कर्मचारीले मनपरी शुल्क लिने गरेको अधिकांशको गुनासो छ। विभिन्न वहाना गर्दै राज्यकोष लुट्ने र भारतीय नम्बरका सवारीसाधनसँग मनपरी रकम ठग्ने धन्दा रोकिएको छैन् । यसरी लिएको रकमको प्रमाण नहुने तथा अनुगमन गर्ने निकाय पनि मौन रहनाले भन्सारका कर्मचारीहरु होसिएका छन् ।

तसर्थ यस्ता कार्यहरुप्रति भन्सार कार्यालय आगामी दिनमा सचेत हुनु जरुरी छ । होइन भने एउटा कर्मचारीका कारण सबै कर्मचारी दोषि हुनेमा दुइमत नहोला । यसका लागि सम्बन्धीत निकायले यस्ता रबैयाप्रति अनुगमन गरि दोषिमाथी कारवाही गर्न पछाडी पर्नुहुदैन् ।

# अग्निपीडित परिवारलाई गाउँपालिकाको सहयोग



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ७ का अग्निपीडित परिवारलाई गाउँपालिकाले राहत बितरण गरेको छ ।

प्रत्येक परिवारलाई चामल २५ किलो, चिउरा २ किलो, मुरही ५ किलो, साडी, लुगि, त्रिपाल, भुजिया, साबुन, तन्ना, लगायतका सामाग्रि बितरण गरिएको हो ।

सो अवसरमा गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डल, वडा अध्यक्ष हरिनाराण मण्डल तथा विपद् व्यवस्थापन अधिकृत राजेश झाको उपस्थिती रहेको थियो ।

गत मंगलबार भएको आगलागिमा ९ लाख मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ । सो आगलागिमा नगद ३३ हजारसहित चार घर जलेर नष्ट भएको हो ।

स्थानिय दशनलाल बातरको गाईगोठमा बालिएको घुरबाट सल्केको आगोले छोराहरु राजकुमार सरदार, जितन सरदार र सोमन सरदारको घर जलेर नष्ट भएको स्थानियवासीले जनाएका छन् ।

उक्त आगलागीबाट सिमेन्टको पिलर र जस्ताले छाएको १ वटा गाई गोठ, २ वटा घर र घर भित्र रहेको लताकपडा, भाडाकुडा, काठपात, अन्नपात, पानी तान्ने मोटर, १५ तोला चाँदी गरि ९ लाख मुल्य बराबरको क्षति भएको थियो ।

## मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**राजविराज**/सप्तरीको बोदेबरसाइन नगरपालिकामा भएको मोटरसाइकल दुर्घटनामा परि एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

बोदेबर्साईन नगरपालिका ५ बरसाईन टोल नजिक हुलाकी सडक खण्डमा सोमबार मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालकको मृत्यु भएको छ भने पछाडी सवार अर्को व्यक्ति घाइते भएका छन् ।

दुर्घटनामा मोटरसाइकल चालक बलान बिहुल गाउँपालिका ४ बेल्ही निवासी ५५ वर्षिय विशो मण्डलको मृत्यु भएको हो ।

पश्चिमबाट पुर्वतर्फ आउदै गरेको भारतीय प्लेट नम्बरको बिआर३२वाई६०५७ नम्बरको मोटरसाइकल आफै आनियन्त्रित भई सडक छेउमा गाडिएको सांकेतिक पोलमा ठोक्किएको जिल्ला पहरी कार्यालय सप्तरीले जनाएको छ ।

दुर्घटनामा गम्भिर घाइते भएका मण्डललाई उपचारका लागि जिवन ज्योति अस्पताल बोदेबर्साईनमा भर्ना गरिएकोमा चिकित्सकले मृत घोषित गरेको थियो ।

यस्तै सोही दुर्घटनामा मोटरसाइकल पछाडी सवार स्थानिय १८ वर्षिय कमलेश कुमार शर्मा पनि घाइते भएका छन् । उनलाई कमरमा चोट लागेको तथा सोही अस्पतालमा उपचारका लागि भर्ना गरिएको प्रहरीले जनाएको छ ।

## टेम्पु दुर्घटनामा एकको मृत्यु

**राजविराज**/सप्तरीमा टेम्पु अनियन्त्रित भई दुर्घटना हुदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

जिल्लाको बिष्णुपुर गाउँपालिका १ जमुनीस्थित हुलाकी सडक खण्डमा पश्चिमबाट पुर्व तर्फ आउदै गरेको ना३स ९६३० नं.को अटो आफै अनियन्त्रित भई दुर्घटना हुँदा अटोमा सवार खडक नगरपालिका ८ बिष्णपुर निवासी ४० वर्षिया आमना खातुनको मृत्यु भएको प्रहरीले जनाएइको छ ।

सोही दुर्घटनामा विष्णुपुर गाउँपालिका ६ कटिटोल निवासी ५५ वर्षिय लक्ष्मि राम बाँया हातको औलामा चोट लागी घाईते भएको प्रहरीले जनाएको छ ।

घटनापश्चात दुबै जनालाई उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा भर्ना गरिएपनि उपचारकै क्रममा आमना खातुनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। प्रहरीले अटो तथा चालकलाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको जनाएको छ।

## बुवालाई कुटेर मारेको आरोपमा पक्राउ परेका छोरा जेल चलान

**राजविराज**/आफ्नै बुवालाई कुटेर मारेको आरोपमा पक्राउ परेका सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ निवासी ३४ वर्षिय देवकुमार राम जेल चलान भएका छन् ।

सप्तरी जिल्ला अदालतको आदेशले पूर्पक्षका लागि कारागार चलान भएका हुन् । जग्गा अंश विवादमा बुवालाई कुटपिट गर्दा मृत्यु भएको थियो ।

प्रहरीका अनुसार २०७६ साल बैशाख १ गते जग्गा अंशको विवादलाई लिएर रामले आफ्नो बुबा ६५ वर्षिय जगदीशको कुटपिट गर्दै हत्या गरेका थिए । घटनापछि फरार रहेका उनी गाउँ घरमै लुकिबसेको अवस्थामा सात दिन अघि पक्राउ परेका थिए ।

## मोटरसाइकल दुर्घटनामा कुस्ती खेलाडी एवं प्रशिक्षक मण्डलको मृत्यु

**राजविराज**/मोटरसाईकल दुर्घटनमा परी कुस्तीका पूर्व राष्ट्रिय खेलाडी एवं सहायक प्रशिक्षक श्याम मण्डलको मृत्यु भएको छ ।

स.४प.३२७५ नम्बर मोटरसाईकलमा सवार मण्डल बुधवार राती १० बजे तीर राजविराज नगरपालिका ११ स्थित पम्प नहरको भित्री सडक खण्डमा दुर्घट्ना भएको थियो ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका २ लौनिया निवासी मण्डल राजविराजमा साथी/भाईहरुसंग होली मनाएर घर फर्किदै गर्दा मोटरसाईकल अनियन्त्रीत भई सो दुर्घट्ना भएको प्रहरीको भनाई छ ।

मोटरसाईकल अनियन्त्रित भई दुर्घट्ना हुँदा गम्भिर घाईते भएका ५० वर्षिय मण्डललाई प्रहरीले तत्कालै उपचारका लागी राजविराजस्थित छिन्नमस्ता अस्पताल पुऱ्याएको थियो । उपचार कै क्रममा राती १२ बजे तिर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीको प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

## विद्युत चोरी गर्नेहरु पक्राउ पर्दै

**राजविराज**/नेपाल विद्युत प्राधिकरण बितरण केन्द्र राजविराजले विद्युत चुहावट नियन्त्रणका लागि अभियान चलाएपछि विद्युत चोरी गर्नेहरु धमाधम पक्राउ पर्न थालेका छन् ।

प्राधिकरणको वितरण केन्द्र राजविराज शाखाले शुक्रवार प्रहरीको सहयोगमा विद्युत चोरीमा संलग्न थप ७ जनालाई नियन्त्रणमा लिएको छ ।

विद्युत पोलमा हुकिङ गरी चोरी गरिरहेको अवस्थामा पुगेको प्राधिकरणका कर्मचारी, सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले डाक्नेश्वरी नगरपालिका ३ तरहीका लक्ष्मी कुमार राय, श्याम कुमार मुखिया, श्रीप्रसाद साह र संतोष कुमार मुखियालाई पक्राउ गरेको छ ।

यस्तै विद्युत चोरी गरेकै आरोपमा विष्णुपुर गाउँपालिका १ खुरहुरियाका गणेश कुमार यादव र शम्भुनाथ नगरपालिका १२ का यदुनन्दन यादव पनि पक्राउ परेका छन् ।

नियन्त्रणमा लिइएका सबैजनालाई जिल्ला प्रहरी कार्यालय सप्तरीको हिरासतमा राखी कारवाही प्रकृया सूरु गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका सबैजनलाई जरिवाना वापतको १५ हजार ५ सय भराई अब उप्रान्त यस्तो कार्य न गर्ने शर्तमा रिहा गरिने प्रहरीले जनाएको छ ।

विद्युत चुहावट नियन्त्रण गर्न प्रहरीको सहयोगमा अभियान नै चलाएपछी एक महिनाको अवधीमा ९७ जना कारवाहीमा परिसकेको प्राधिकरणले जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन


डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# रोजगारी सिर्जनाका आधार

> स्थानीय तहदेखि प्रदेश र केन्द्रसम्म न त बेरोजगारी समस्याबारे अध्ययन र छलफल हुन्छ न त समाधानका लागि नीतिगत व्यवस्था हुन्छ । त्यति मात्र होइन, बेरोजगारी समस्या कसरी समाधान गर्न सकिन्छ भन्नेबारे राजनीतिक नेतृत्व र सरकारी संयन्त्रसँग उपयुक्त दृष्टिकोण र नीतिगत आधारसमेत नै छैन ।



मङ्गल थापा

नेपाली जनता विगत ३० वर्षदेखि देश र जनताको समृद्धिका लागि राजनीतिक व्यवस्था परिवर्तन र स्थिरताका लागि निरन्तर लागिरहेका छन् । राजनीतिक परिवर्तनपछि बन्ने संरचनाअनुसार विभिन्न तहका सरकार निर्माणका लागि निरन्तर मतदान पनि गर्दै आएका छन् ।

हरेक राजनीतिक परिवर्तनपछि पनि स्थानीय तहदेखि केन्द्रसम्म निर्माण हुने सरकारले देशमा बेरोजगारी र गरिबीलगायतका सामाजिक समस्याको समाधान गर्न सकिरहेका छैनन् । त्योभन्दा पनि राज्यबाट जनताले पाउनुपर्ने आधारभूत सेवा सुविधाका लागिसमेत अनेकन झन्झट बेहोर्नु परिरहेको छ । देशमा रोजगारीको अवसर नहुँदा सबैखाले जनशक्ति र त्यसमा पनि उत्पादनमूलक जनशक्ति युवा समूह दिन प्रतिदिन विदेश जाने क्रम बढिरहेको छ । वैदेशिक रोजगारीमा मात्र होइन पढ्ने र अरू उद्देश्यका लागि पनि विदेशिने क्रम तीव्र बनेको छ । रोजगारीबिना आम्दानी सम्भव छैन र आम्दानीबिना गरिबी न्यूनीकरण र गुणस्तरीय जीवन असम्भव छ । यस अर्थमा बेरोजगारी सबैभन्दा ठुलो सामाजिक समस्या हो । तर नेपालमा स्थानीय तहदेखि प्रदेश र केन्द्रसम्म न त बेरोजगारी समस्याबारे अध्ययन र छलफल हुन्छ न त समाधानका लागि नीतिगत व्यवस्था हुन्छ । त्यति मात्र होइन, बेरोजगारी समस्या कसरी समाधान गर्न सकिन्छ भन्नेबारे राजनीतिक नेतृत्व र सरकारी संयन्त्रसँग उपयुक्त दृष्टिकोण र नीतिगत आधारसमेत नै छैन ।

आजको वैज्ञानिक युगमा सबै किसिमका सामाजिक समस्या समाधान गर्न उपयुक्त अध्ययन अनुसन्धान भएका छन् । त्यसका लागि आवश्यक प्रविधि र स्रोत साधनको व्यवस्था गर्ने पर्याप्त अवसर पनि छन् । देशविदेशको आर्थिक, भौतिक, प्राविधिक र मानवीय स्रोतसाधनको यथोचित पहिचान र परिचालनबाट विकासका पूर्वाधार, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न सकिन्छ भन्ने मान्यता पनि विकास भइसेको छ । तर नेपालमा राजनीतिक दल, यसका नेतृत्व र स्थानीय, प्रदेश र केन्द्रीय तहका सरकारी निकायले प्राथमिकताका आधारमा ध्यान दिएको देखिँदैन ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि बेरोजगार लगायतका सामाजिक समस्या समाधानमा स्थानीय सरकारको भूमिका झनै महत्त्वपूर्ण हुन्छ ।

वर्तमान सन्दर्भमा रोजगारीका अवसर सिर्जना र विकासका सवालमा स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण हुने कुरामाथि बहस गर्दै यस तहको भूमिकालाई रोजगारीका अवसर सिर्जनामा केन्द्रित गर्न सके मात्र बेरोजगारी समस्या समाधान हुन्छ । प्राकृतिक र मानवीय स्रोत साधनको उपलब्धता स्थानीय स्तरमा हुन्छ । त्यसको पहिचान र परिचालन गरी रोजगारीका अवसर सिर्जना र अन्य विकास गर्न सकिन्छ । यसकारण नेपालमा बेरोजगारी समस्या समाधान गर्ने भनेको रोजगारीको अवसर सिर्जना गर्ने नै हो । नेपालमा रोजगारीका अवसर सिर्जनाका लागि सम्भावित उपायहरू निम्न छन-

**स्थानीय तहमा उपलब्ध स्रोतसाधनको पहिचान**

देशको विकास आर्थिक, भौतिक पूर्वाधारलगायत प्राकृतिक र मानवीय स्रोतसाधनको उपलब्धता, पहिचान र परिचालनमा निर्भर गर्दछ । विकास र उत्पादनका अवसर जति धेरै सिर्जना गर्न सक्यो त्यति नै रोजगारीका अवसर सिर्जना गर्न सकिन्छ । नेपालको हिमाल, पहाड र तराईका गाउँ र सहरमा पनि विभिन्न किसिका प्राकृतिक र मानवीय स्रोत विद्यमान छ । स्थानीय सरकारको नेतृत्वमा यस्ता स्रोत साधनको यथार्थ पहिचान गर्नु रोजगारी सिर्जनाको पहिलो आधार हो । त्यसैले स्थानीय सरकारले आफ्नो क्षेत्रमा रहेको स्रोतसाधनको पहिचान, वर्गीकरण र परिचालनको यथार्थ अवस्था चित्रण गर्नुपर्छ । अनि विकासमा अगाडि बढनुपर्दछ ।

**उपलब्ध स्रोतसाधनको परिचालन**

स्थानीय तहमा उपलब्ध प्राकृतिक र मानवीय स्रोतसाधनको पहिचान र वर्गीकरणपछि त्यसको परिचालनका लागि योजना आवश्यक पर्छ । आर्थिक, भौतिक र मानवीय स्रोतसाधनको परिचालनबाट के-कस्ता उद्यमशीलताको स्थापना गर्न सकिन्छ भनेर त्यसको अध्ययन अनुसन्धान गर्नु आवश्यक छ । अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा सरकारी एवं निजी क्षेत्र तथा दुवै क्षेत्रको साझेदारीमा स्थापना गर्न सकिने उद्यमशीलताको आधार तयार गर्नुपर्छ ।

स्थानीय तहमा उपलब्ध प्राकृतिक र मानवीय स्रोतमा आधारित विविध किसिमका उद्यमशीलताको स्थापना गर्न सकिने सम्भावना छ । देशभरका स्थानीय निकायमा यस्ता सम्भावित उद्यमशीलताका लागि उद्योगहरू स्थापना गर्न सकिन्छ । यस किसिमका ससाना उद्योगहरूको स्थापनाले रोजगारीका पर्याप्त अवसर सिर्जना गर्छ । स्थानीय तहमा उद्योगको सम्भावनाको खोजी र त्यसको विकास नगरी न रोजगारीको अवसर सिर्जना हुन्छ न त देश विकास नै ।

**उद्यमशीलताको विकास र उद्योगको स्थापना**

नेपालका सबै स्थानीय तहमा विविध किसिमका प्राकृतिक र मानवीय स्रोत साधन उपलब्ध छन् । यी स्रोतसाधनको यथोचित समन्वय र परिचालनबाट विविध किसिमको उद्यम र उद्योग स्थापना गर्ने योजना र कार्यक्रम तय गर्नुपर्छ ।

कफी उत्पादन हुने स्थानीय तहमा कफी, चिया उत्पादन हुने स्थानमा चिया उद्योग, दूध उत्पादन हुने स्थानमा डेरी उद्योग, स्लेट उत्पादन हुने स्थानम स्लेट, गाईभैंसी र बाखपालन हुने ठाउँमा सोहीअनुसारको उद्यम, माहुरी पाल्न सकिने ठाउँमा मह उद्योग, तरकारी, फलफूल र खाद्यान्न उत्पादन हुने ठाउँमा सोहीअनुसारका उद्योग स्थापना गर्ने योजना तथा कार्यक्रम बनाउनुपर्छ । जहाँजहाँ जेजे सम्भव छ, त्यहीअनुसारका उद्योग स्थापना गर्ने जिम्मेबारी सम्बन्धित स्थानीय तहको हुनुपर्दछ । यस किसिमका उद्यम र उद्योगले सम्बन्धित स्थानीय तहमा ठुलो सङ्ख्यामा रोजगारीको अवसर सिर्जना हुन्छ । एकैसाथ देशभरमा स्थानीय तहमा रोजगारीको अवसर सिर्जना हुँदा बेरोजगारी समस्या समाधान गर्न सकिन्छ ।

**स्वेदशी र वैदेशिक लगानीको वातावरण बनाउने**

स्थानीय निकायमा उपलब्ध स्रोत साधनको परिचालन गरी उद्योग स्थापना गर्न आर्थिक तथा प्राविधिक लगानी आवश्यक हुन्छ । लगानीबिना उद्योगको स्थापना गरी रोजगारीको अवसर सिर्जना गर्न सकिँदैन । यसका लागि स्वेदेशी र विदेशी लगानी आकर्षण गरी लगानीकर्तालाई ढुक्क भएर लगानी गर्ने अवस्था सिर्जना गर्नुपर्छ । राज्यले लगानी संरक्षण गर्ने सुनिश्चितता प्रदान गर्नुपर्छ । यसका अतिरिक्त लगानी सुरक्षित गर्न लगानी बिमाको व्यवस्था गर्नुपर्छ । यसले लगानीलाई प्रोत्साहन, संरक्षण र विस्तार गर्दछ । यस किसिमको लगानीमैत्री वातावरणले रोजगारीलाई निरन्तरता दिने कुराको ग्यारेन्टी गर्छ ।

**सरकारी, गैरसरकारी क्षेत्रका रोजगारीका अवसरलाई व्यवस्थित गर्ने**

सरकारी, गैरसरकारी एवं निजी क्षेत्रका शिक्षा र स्वास्थ्यलगायतका मुख्य क्षेत्रबाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउन त्यस क्षेत्रमा आवश्यक जनशक्तिको विकास गर्नुपर्छ । त्यस क्षेत्रका जनशक्तिलाई रोजगारीको अवसर सिर्जना गर्नुपर्छ । डाक्टर, इन्जिनियर, नर्स, शिक्षक, कर्मचारी, प्राध्यापकलगायतका उच्च स्तरीय जनशक्ति उत्पादन गर्ने र त्यसलाई सेवामूलक क्षेत्रमा व्यवस्थापन गरी रोजगारीको सुनिश्चित गर्नुपर्दछ ।

**व्यापार, होटल व्यवसाय र पर्यटन व्यवस्थापन**

रोजगारीका अवसर सिर्जना गर्नु भनेको व्यापार, होटल व्यवसाय र पर्यटन क्षेत्रमा लगानी गर्नु पनि हो । यो क्षेत्रलाई व्यवस्थित गर्दा पनि उपयुक्त सङ्ख्याको रोजगारीका अवसर सिर्जना हुन्छन् । गाउँदेखि सहरसम्मका विभिन्न स्थानमा के-

*बाँकी चार पृष्ठमा*

# आफ्नै परिवारका तीन सदस्यलाई गुमाएकाले सहिद परिवारको पीडा बुझेको छु : मन्त्री यादव



**राजविराज**/मधेश प्रदेशकी वन, पर्यटन तथा उद्योग मन्त्री सुनिता यादवले जनयुद्धका क्रममा आफ्नै परिवारका तीन सदस्यलाई गुमाएकाले सहिद परिवारको पीडा नजिकबाट बुझेको र महसुस गरेको बताएकी छिन् ।

सहिद सप्ताहको अन्तिम दिन गत आईतबार नेकपा माओवादी केन्द्र सप्तरीले आयोजना गरेको "सहिद एवम् वेपत्ता परिवारका योद्धाको अभिनन्दन समारोह" मा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन ।

जनयुद्धकै क्रममा आफ्नो बुवा रामवृक्ष, पति डम्बर र भाई शेखरलाई गुमाउनु परेको पीडा अझै मसँग छ भन्दै उनले भनिन, "त्यसैले शहिदर परिवारले भोगिरहनु परेको पीडा बारे म पूर्ण जानकार छु, नजिकबाट महसुस गरेकी छु ।"

सहिद परिवारका लागि सरकारले बनाएको नीति तथा कानूनको प्रभावकारी कार्यान्वयन नहुँदा सहिद परिवार अझै पनि पीडामा बसिरहेको गुनासाहरु बेला बेलामा आउने गरेको उनको भनाई थियो । उनले यसको समाधानका लागि मेरो तर्फबाट कुनै कसर बाँकी नरहने बताइन् ।

सो अवसरमा ४० जना सहिद परिवारलाई मन्त्रि यादवले सम्मान गरेकी थिइन । पूर्व मन्त्री एवम् नेकपा माओवादी केन्द्रका जिल्ला अध्यक्ष उमेश प्रसाद यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य असर्फी सदा, अरुण साह अनिल, पूर्व प्रदेश कमिटि सदस्य छेदी रजक विमल, भागवत यादव, वाइसीएलका केन्द्रीय सचिव शिव कुमार राम, पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, प्रेस सेन्टर मधेश प्रदेशका महासचिव गोपाल प्रसाद गुप्ता, सहिद परिवारकी रीता चौधरी लगायतले पनि सहिदको योगदान बारे चर्चा गरेका थिए ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# राष्ट्रिय सहमतिलाई कसरी बुझ्ने ?

**राजेन्द्र किराती**

गठबन्धन तोडिएसँगै राष्ट्रिय सहमतिको कुरा ओझेलमा पर्दै गएको छ । सहमतिलाई आआफ्नै दृष्टिकोणमा व्याख्या विश्लेषण गरिँदैछ । विशेष गरेर राष्ट्रपतिको निर्वाचनलाई लिएर यसले उल्लेख्य चर्चा पाएको थियो ।

प्रमुख प्रतिपक्षी दल कांग्रेसले समेत प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएपछि राष्ट्रिय राजनीतिमा नितान्त भिन्न परिदृश्य आरम्भ भएको सबैलाई थाहैछ । यही विकसित राजनीतिक सेरोफेरो अन्तर्गत सबै पार्टीहरूबीच शक्ति-सन्तुलन मिलाएर राष्ट्रिय सहमति कायम गर्दै अघि बढ्ने मत निकै प्रभावी बन्न पुग्यो । सबैलाई मिलाएर सरकार अघि बढ्ने कुरा आफैँमा नराम्रो थिएन । एकताबद्ध भएर मुलुक र जनताका तमाम समस्या सुल्झाउने मूल स्पिरिटमा गरिने सहमतिहरू माथि कहीँकतै प्रश्न उठाइरहनु राम्रो होइन ।

वस्तुत: राष्ट्रिय सहमतिअन्तर्गत तीनवटा रणनीतिक स्वार्थहरू लुकेको हुन्छ । पहिलो सिधै राष्ट्र र जनताका साझा स्वार्थ र दोस्रो कुनै पनि अमूक पार्टी, समूह वा व्यक्तिको निहित स्वार्थ र तेस्रो जनताका साझा स्वार्थकै अन्तिम उद्देश्य लिएर परिस्थिति परिपक्व वा सबल नहुन्जेल गरिने सङ्क्रमणकालीन सहमति । सहमतिहरू यस्तै विभिन्न स्वार्थगत दृष्टिकोणद्वारा निर्देशित हुनाले औसत एउटै फुर्लुङमा कोचेर बुझ्नु हुँदैन । कुन सहमति सही र गलत भन्ने निर्क्यौल गर्न गहिराइसम्म डुब्नुपर्ने हुन्छ । अर्थात् राष्ट्रिय सहमतिको प्रसङ्ग आउनेबित्तिकै कुन उद्देश्यबाट आइरहेको छ भनेर नियाल्न वा बुझ्न जरुरी हुन्छ । तब मात्र सही र गलत अनि औचित्यपूर्ण छ छैन भनेर निश्चित गर्न सकिन्छ । मूलत: मुलुक र जनताका आम स्वार्थमा गरिने राष्ट्रिय सहमति र मेलमिलापलाई अन्यथा मान्नु हुँदैन । बिनासर्त साथ सहयोग गर्नुपर्छ । यता कुनै अमूक पार्टी, समूह र व्यक्ति विशेषलाई केन्द्रमा राखेर गरिने राष्ट्रिय सहमतिलाई भने परिस्थितिको मूल्याङ्कन गर्दै विरोध र समर्थन गर्नुपर्ने हुन्छ । किनभने सहमति शब्द सुन्दा र देख्दा जति राम्रो छ । त्यसको व्यावहारिक कार्यान्वयन भने त्यति सहज देखिँदैन ।

सिद्धन्तत: वर्गअन्तर्विरोध र वर्गस्वार्थद्वारा निर्देशित समाजमा निरपेक्ष र स्थायी राष्ट्रिय सहमति सम्भव हुँदैन । यो सार्वभौम कुरा हो । यस्तो समाजमा वर्गीय वैचारिक तथा स्वार्थगत अन्तरविरोधहरू टकराइरहेको हुन्छ । सैद्धान्तिक दृष्टिकोण र समाज व्यवस्थाको प्रकृतिमा समानता हुँदैन । उद्देश्य र गन्तव्यमा एकरूपता हुँदैन । कार्यदिशा र कार्यक्रमहरूमा आधारभूत रूपमै भिन्नता हुन्छ । यसो भएपछि कार्ययोजना कार्यान्वयनमा पनि एकरूपता हुँदैन । सबैले आआफ्नै निहित हितार्थ र स्वार्थमा राजनीतिक तथा प्राविधिक मुद्दाहरू अनुकूलतामा उठाइरहेको हुन्छ । सबै अवस्थामा जनताले यस्तो सारगत वास्तविकतालाई भने बुझेका हुँदैनन् । उनीहरू पक्ष-विपक्षका कित्तामा रूप वा आवरणीय पाटोलाई हेरेर वा देखेर रमाइरहेका वा दिग्भ्रमित भइरहेका हुन्छन् । पछि समय घर्किएपछि मात्रै उनीहरूलाई यो सच्चाइ थाह हुन्छ, जसले धेरै अर्थ र औचित्य राख्दैन । किनकि बेला बितेपछि उपचार सम्भव हुँदैन ।

यसरी वर्ग स्वार्थहरू टकराइरहेको वस्तुगत राजनीतिक धरातलमा गरिने सहमतिहरू प्राय: औसत निहित स्वार्थद्वारा निर्देशित हुन्छ । यहाँ औसत भन्नाले कुनै अमूक पार्टी, समूह र व्यक्तिको हित वा स्वार्थलाई लक्षित गर्न खोजिएको हो अर्थात् निहित स्वार्थका लागि अनुकूल परिस्थिति निर्माण नभएसम्म सहमति गर्ने क्रम बढ्दोछ नेपालमा । आजसम्मको सहमतिहरूको इतिहासलाई नियाल्दा राष्ट्र र जनताको हित वा स्वार्थ अनि परिवर्तन, न्याय र समानताका लागि भन्दा पनि पार्टीकेन्द्रित र आत्मकेन्द्रित स्वार्थमा सहमतिको व्यावहारिक अभ्यास हुँदैआएको देखिन्छ । अब भावी दिनहरूमा गरिने सहमति यसको अपवाद बन्यो भने खुसीको कुरा हुन्छ । अबको सहमति मुलुक र जनताका हितमा केन्द्रित होस् । हामी सबैको यही कामना रहन्छ ।

वस्तुत: हामीले अभ्यास गर्दै आएको सहमतिहरू कुन कुन स्वार्थद्वारा निर्देशित रहेको छ । यस सन्दर्भमा केही विश्लेषण गर्न जरुरी छ । सुन्दा सहमति ज्यादै राम्रो पदावली हो । तर अन्तर्यमा के छ भन्ने कुरा निर्णायक हुन्छ । सकारात्मक दृष्टिकोणबाट नियाल्दा सम्माननीय प्रधानमन्त्री प्रचण्डले झन्डै शतप्रतिशत विश्वासको मत पाइसकेपछि राष्ट्रिय सहमतिको पक्षमा रुझान हुनु स्वाभाविक हो ।

यसमा एकातिर सबैलाई मिलाएर लाँदा सरकारको कामकारबाही प्रभावकारी बनाउन सकिन्छ भन्ने उद्देश्य राख्नु राम्रो पक्ष हो । दोस्रो राज्यसत्तामा शक्ति-सन्तुलन मिलाउँदा भोलि कसैले पनि शक्तिको दुरुपयोग नगरोस् भन्ने हो । सहमतिको कभरमा एउटै मात्र विचार, पार्टी र व्यक्तिमा शक्ति केन्द्रित हुन पुग्दा सन्तुलन बिग्रिनु मात्र होइन सन्की मनोगत निर्णयहरूलाई नियन्त्रण गर्नका लागि पनि शक्ति सन्तुलन मिलाउनु सही कुरा हो अर्थात् चेक एन्ड ब्यालेन्सका लागि सहमति उपयुक्त देखिन्छ । यसकारण सत्ताको शक्ति सन्तुलन मिलाउनु वस्तुवादी र व्यावहारिक हुन्छ । हामी सबैको हित यसैमा हुन्छ । तर प्रधानमन्त्रीले आफ्नो निहित स्वार्थकै लागि मात्र सहमति भन्नुभएको हो भने त्यसको राष्ट्रिय राजनीतिमा कुनै औचित्य रहँदैन । त्यो पनि औसत सहमति मात्र हुनेछ ।

यता कांग्रेसले भनेको सहमतिलाई पनि सकारात्मक रूपमा विश्लेषण गर्दा अन्यथा मान्नु हुँदैन । संसद्‌को सबैभन्दा ठूलो शक्ति पनि राष्ट्र निर्माणको महाअभियानमा सहभागी हुन्छौं भन्नु स्वागतयोग्य कुरा हो । शक्ति सन्तुलनको दायराभित्र राख्नु पर्‍यो भन्ने माग जायज छ । यसलाई हामी सबैले गम्भीर रूपमा लिनुपर्दछ । तर उसले केवल आफू कसरी शक्तिमा बिराजमान हुने र अरूलाई च्याँखेदाउ हाल्ने वा साइजमा ल्याउने भन्ने कोणबाट यो सहमतिको कुरा गरेको हो भने त्यसको कुनै औचित्य रहँदैन अर्थात् आफू सरकार बाहिर बस्नुपरेको पीडामा अरूमाथि खेलबाड गर्नकै लागि हो भने साथ र सहयोग दिनैपर्छ भन्ने हुँदैन । यस्तो बेला कांग्रेसलाई सहमतिमा ल्याउनु र नल्याउनुले राजनीतिमा दूरगामी प्रभाव पार्दैन । त्यतिखेर सहमतिको औचित्य पुष्टि हुनुको सट्टा पश्चताप गर्नुपर्ने हुन्छ । यसकारण वस्तुत: सहमतिको कुरा कुन दृष्टिकोणीय स्वार्थ वरिपरिबाट आइरहेको छ भनेर स्पष्ट हुन जरुरी छ । साझा स्वार्थमा रहेछ भने यो वा त्यो भनेर कित्ताकाट गर्न जरुरी हुँदैन ।

त्यसैगरी एमालेले पनि औसत पार्टी, समूह र व्यक्तिगत स्वार्थ केन्द्रित राष्ट्रिय सहमतिको कार्डलाई मान्नैपर्छ भन्ने हुँदैन । कुनै पार्टी वा व्यक्तिविरुद्ध लक्षित सहमतिलाई स्वागत गर्नुपर्छ भन्ने रहँदैन । यस्तो सहमतिलाई उसले इन्कार गर्नु स्वाभाविक हुन्छ । तर एउटा विशिष्ट किसिमको राष्ट्रिय सहमति कायम गर्दै विकास र समृद्धिको साझा महाअभियानमा सबै गोलबन्द भएर अघि बढ्ने राष्ट्रिय सङ्कल्पको साथ अघि सारिएको सहमतिको प्रयासलाई भने उसले पनि मान्नुपर्ने हुन्छ । सहमति निरपेक्ष रूपमा गलत मात्रै हुन्छ भनेर बुझ्नु हुँदैन । उद्देश्यमा अन्तर्निहित स्वार्थ र औचित्यलाई हेरेर समर्थन र विरोध गर्नुपर्दछ अर्थात् कांग्रेस पनि हामी तपाईंहरूको विकास र समृद्धिको महायात्रामा सँगै हिँड्न चाहन्छौं, साथ दिन चाहन्छौं भन्छ भने स्वागत गर्नुपर्छ । विगतको नकारात्मक भाष्यलाई नापी तौलिरहनु हुँदैन । तर सहमतिको अन्तर्वस्तुमा आधारभूत रूपमै सबैको हित र स्वार्थ भने अन्तर्निहित हुन जरुरी हुन्छ । सहमतिलाई मान्ने वा नमान्ने भन्ने सहमतिको सारभूत अन्तर्वस्तुमा निर्भर हुन्छ ।

नेपाली राष्ट्रिय राजनीतिको विगत इतिहासलाई नजिकबाट नियाल्दा सहमतिहरू साझा स्वार्थभन्दा पनि निहित स्वार्थमा रुमल्लिँदै आएको देखिन्छ । तब कतिपय अवस्थामा राम्रै उद्देश्य राखेर गरिने सहमतिलाई त्यही पुरानै चस्माले हेर्ने गरिन्छ । यो अगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा पनि तर्सन्छ भनेजस्तै हो ।

सिद्धान्तत: साझा स्वार्थ भनिए पनि व्यवहारमा निहित स्वार्थ नै हाबी हुने प्रचलन वा संस्कार नयाँ होइन । हामी सबै यसका भुक्तभोगी हौं । यसकारण केही सचेत र सशङ्कित हुनु अनौठो होइन । आज अघि सारिएको राष्ट्रिय सहमतिको एजेन्डामा पनि पुरानै भूतको छाया देखिन्छ । तर सबै अवस्था वा परिस्थितिहरूलाई निरपेक्ष एउटै आँखाले हेर्नु सही हुँदैन । निरपेक्ष शङ्का र निरपेक्ष विश्वास वा अति शङ्का र अतिविस्वास दुवै हानिकारक हुन्छ । यही द्वन्द्वात्मक सच्चाइलाई गम्भीर मनन गर्दै हामीले अपनाउने राष्ट्रिय सहमतिबारे पनि सारलाई पकडेर द्वन्द्वात्मक विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

तसर्थ हामीले गरिने कुनै पनि राष्ट्रिय सहमति सिङ्गो मुलुक र जनताका हित र स्वार्थमा हुन जरुरी छ । औसत र अमूक पार्टी, समूह र पात्रको निहित स्वार्थमा गरिने जुनसुकै पनि सहमतिहरूको कुनै औचित्य रहँदैन । राजनीतिक औचित्यबिनाको सहमतिले नत गुणात्मक परिणाम दिन सक्छ न त विद्यमान राजनीतिक गतिरोधको वस्तुवादी समाधान । आजको हाम्रो वस्तुगत आवश्यकता भनेको निहित स्वार्थ र दाउपेचहरूको चक्रव्यूहमा फसेको राजनीतिलाई बाहिर उतार्नु हो । अस्थिर धरातललाई स्थिर पार्दै, सुस्ततामा गति पैदा गर्दै, दिशाविहीन राजनीतिलाई दिशानिर्देश गर्दै विकास र समृद्धिको साझा अभियानमा लामबद्ध गराउनु हो । यस्ता दूरगामी महत्त्व बोकेका साझा उद्देश्यहरूलाई केन्द्रमा राखेर गरिने राष्ट्रिय सहमतिहरूको दूरगामी महत्त्व हुन्छ । तब विरोधीहरूको स्वर पनि मलिन हुँदै जान्छ । तर अमूक पार्टी, समूह र व्यक्तिहरूको स्वार्थमा तामझाम र हल्लाखल्लासहित गरिने सहमतिहरूमा भने विरोधको स्वर बढ्दै जान्छ र अन्तत: सहमति नै भङ्ग हुनपुग्छ । यो वास्तविकतालाई सरोकारवालाहरूले गम्भीर ढङ्गले मनन गर्न जरुरी छ । रातोपाटीबाट




## रोजगारी सिर्जनाका...

कस्तो व्यापार, होटल व्यवसाय र पर्यटनको सम्भावना छ भनेर अध्ययन गर्नुपर्छ । अनि सोहीअनुसारको योजना र कार्यक्रम बनाई रोजगारी सिर्जना गर्नेतर्फ स्थानीय र केन्द्रीय सरकार प्रतिबद्ध भई लाग्नुपर्छ । देशका हरेक स्थानीय तहमा विभिन्न किसिमका व्यापार, होटल व्यवसाय र पर्यटनको सम्भावना रहेको छ । त्यस्ता सम्भावित क्षेत्रमा रोजगारीको अवसर सिर्जना गर्नुपर्दछ ।

**बजार मागअनुसार जनशक्ति तयार गर्ने**

विगत केही वर्षदेखि शैक्षिक बेरोजगारीको विषय महत्त्वपूर्ण मुद्दा बन्दै आएको छ । उच्च शिक्षा हासिल गरिसक्दा पनि व्यक्तिले रोजगारी नपाउँदा उसले हाँसिल गरेको शिक्षा र उसको शैक्षिक योग्यतामाथि प्रश्नसमेत उठ्ने गरेको छ । यस सन्दर्भमा देशका महाविद्यालय र विश्वविद्यालयले उत्पादन गर्ने जनशक्तिले बजारको मागलाई सम्बोधन गर्न सकिरहेको छैन । बजार मागको अध्ययन अनुसन्धान गरी देशलाई आवश्यक पर्ने जनशक्ति उत्पादनमा विश्वविद्यालयले पनि ध्यान दिनुपर्छ । यस कार्यबाट व्यक्तिले शिक्षा हासिल गरिसकेपछि रोजगारी पाउने सुनिश्चितता हुन्छ । देशका विभिन्न स्थानमा उपलब्ध स्रोत, साधन र त्यसमा आधारित उद्यमशीलता र उद्योगको स्थापना र विकास गर्न चाहिने ज्ञान र सीप शिक्षालयमार्फत प्रशिक्षणको व्यवस्था गर्न आवश्यक छ ।

**विश्वविद्यालय, सरकार र बजारको त्रिकोणात्मक सहकार्य**

विश्वविद्यालय उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने शैक्षिक संस्था हो । यसले उत्पादन गर्ने जनशक्ति सरकार र बजारले उपयोग गर्ने हो । सरकार र बजारले आफ्ना लागि आवश्यक पर्ने जनशक्ति विश्वविद्यालयको सहकार्यमा तयार गर्ने नीति र कार्यक्रम बनाउनुपर्छ । यसरी उत्पादित जनशक्तिको उचित व्यवस्थापन हुनुको साथै शिक्षा र रोजगारीको सम्बन्धलाई बलियो बनाउने काम गर्छ ।

नेपालजस्तो सानो देशका लागि उल्लिखित उपाय अवलम्बन गर्ने हो भने छोटो समयमा विभिन्न क्षेत्रमा रोजगारी सिर्जना हुन सक्छ । तर यसका लागि स्थानीय र केन्द्रीय सरकार इमानदार र प्रतिबद्ध भएर लाग्नु आवश्यक छ । साथै शिक्षा प्रणाली, जनशक्ति र बजारबीचको समन्वयबाट रोजगारीका अवसर सिर्जना गर्ने र बेरोजगारीलाई कमी गर्दै विदेश गएका र जाने युवाहरूलाई स्वदेशमै रोजगार हुन सक्ने यथेष्ट सम्भावना रहेको छ । लेखक त्रिभुवन विश्वविद्यालयका पिएचडी स्कलर हुन् । । रातोपाटीबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

# बालुवा मुनी गाडिएको ६० केजी गाजा बरामद

**राजविराज**/सप्तरी

प्रहरीले बालुवा मुनी गाडिएको अवस्थामा प्रतिबन्धित लागु औषध गाजा बरामद गरेको छ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित दक्षिणतर्फ सप्तकोशी नदी किनारमा बालुवा मुनी गाडिएको अवस्थामा प्रहरीले ६० केजी गाजा गत आइतबार बरामद गरेको हो।



गोप्य सूचनापछि इलाका प्रहरी कार्यालय भारदह र जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको संयुक्त टोलीले तस्करीका लागि दुई वटा प्लास्टिकको बोरामा ग्यापिङ गरि बालुवा मूनी गाडिएको अवस्थामा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यता प्रहरीले गाजा तस्करी र खेती रोक्न अहिले अभियान नै चलाएपछि आर्थिक वर्ष २०७९/८० को हालसम्मको अवधीमा १८ हजार ९ सय गाजाको बोट नष्ट गरिसकेको प्रहरीले जनाएको छ।

## श्रोत नखुलेको भारतीय रुपैयाँसहित एक भारतीय पक्राउ



**राजविराज**/श्रोत नखुलेको ८६ हजार ६ सय ५० भारतीय रुपैयाँसहित प्रहरीले एक भारतीय व्यक्तिलाई पक्राउ गरेको छ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ खाडो खोला नजिकबाट भारतको बिहार राज्यको कैसुर दत्तिया ग्राम पञ्चायत निवासी ५४ वर्षिय चन्द्रशेखर ठाकुरलाई प्रहरीले पक्राउ गरेको हो।

भारतीय सीमासँग जोडिएको उक्त क्षेत्रमा भारतबाट पैदलै आउँदै गरेको अवस्थामा शंका लागि तिलाठी प्रहरी चौकी र सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट सप्तरीबाट खटेको संयुक्त टोलीले चेक जाँचको क्रममा श्रोत नखुलेको उक्त रकम बरामद गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले जानकारी दिए।

## निर्माणाधिन नहरको पुलबाट तल मोटरसाइकल खस्दा एक घाइते

**राजविराज**/पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथ ३ स्थित निर्माणाधिन नहरको पुलमा मोटरसाइकल आफै अनियन्त्रित भई पुल तल खस्दा मोटरसाइकल चालक घाइते भएका छन्।

पुर्वबाट पश्चिमतर्फ जाँदै गरेको स.७प. १९१४ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई पुलबाट तल ढलान गर्न खनिएको खाल्डोमा खसेको हो।

सो दुर्घटनामा मोटरसाइकल चालक जिल्लाको खडक नगरपालिका ७ कल्याणपुर निवासी ५५ वर्षिय राम नारायण साह घाइते भएको प्रहरीले जनाएको छ।

घाइते भएका साहको बाँया आँखा माथि तथा दाहिने खुट्टामा चोट लागेको उपचारका लागि युनिक अस्पताल रुपनी भर्ना गरिएको र अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## भारतबाट ल्याइएको प्रतिबन्धित माछा प्रहरी नियन्त्रणमा

**राजविराज**/भारतबाट नेपाल ल्याइएको प्रतिबन्धित माछा प्रहरीले नियन्त्रणमा लिएको छ।

राजबिराज वडा नं. ११ स्थित भारतबाट नेपालतर्फ स.७प.८८६ न. को मोटरसाइकलमा प्रतिबन्धित माछा ल्याईरहेको अवस्था प्रहरीले उक्त माछा नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको गस्ति टोलिलाई देखासाथ माछासहित मोटरसाइकल छोडी व्यक्ति फरार भएको प्रहरीले जनाएको छ।

सो मोटरसाइकलमा ७० हजार बराबरको मुगरी माछा ३० किलो र अन्य माछा गरि ७६ हजार मुल्य बराबरको माछा प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

बरामद माछा र मोटरसाइकल आवश्यक कार्वाहिका लागि राजबिराज भान्सार कार्यालय तिलाठी पठाइएको प्रहरीले जनाएको छ।

### आलागिमा दुई लाख ...

३ लाख ४८ हजार, सत्यनारायण ठाकुरको जस्ता पत्ताको छानो र बाँसको टाटी बेरा भएको ३ वटा घर, नगद १५ हजार तथा अन्य सामानसहित ६ लाख ९२ हजार र हरी नारायण ठाकुरको जस्ता पत्ताको छानो र बाँसको टाटी बेरा भएको ३ वटा घर, नगद ४० हजार तथा अन्य सामानसहित ९ लाख ६ हजार मुल्य गरि ४० लाख ९९ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

दुई साता यता छिन्नमस्ता गाउँपालिका, बलानबिहुल गाउँपालिका, विष्णुपुर गाउँपालिका, महदेवा गाउँपालिका, तिरहुत गाउँपालिका तथा बोदेवरसाइन र राजविराज नगरपालिकाको विभिन्न वडामा गरि आगलागिका १२ वटा घटना भई एक करोड ६ लाख भन्दा बढीको क्षति भएको राजविराज नगरपालिका बारुणयन्त्र विभागको तथ्याङ्कले देखाएको छ।

फुसको संरचना भएका अत्याधिक घर रहेको सप्तरी आगलागिका बढी घटना हुने जिल्ला पर्दछ। तर, थप बारुणयन्त्रको अभावले आगलागिका समयमा निकै समस्या हुने गरेको छ। १८ पालिका रहेको जिल्लामा राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका र शम्भुनाथ नगरपालिका गरि चार पालिकासँग मात्र बारुणयन्त्र छ।१४ पालिका अझै बारुणयन्त्र बिहीन छ। यस्तै प्रहरी तालिम केन्द्रसँग पनि एउटा बारुणयन्त्र रहेको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामाग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## उत्तरपश्चिम पाकिस्तानमा पाँचजना आतङ्ककारी मारिए

**इस्लामाबाद**/पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा गरिएको सैन्य कारबाहीमा पाँच आतङ्ककारी मारिएका छन्।

पाकिस्तानी सेनाको मिडिया शाखा इन्टर-सर्भिसेस पब्लिक रिलेसन्स (आईएसपीआर)ले जनाएअनुसार सुरक्षा बलले प्रान्तको उत्तरी वजिरिस्तान र दक्षिण वजिरिस्तान जिल्लामा कारबाही शुरु गरेको छ।

"अपरेसनका क्रममा तीव्र गोली हानाहान भएको र त्यसमा पाँचजना आतङ्ककारी मारिएका छन्", सेनाको विज्ञप्तिमा भनिएको छ। मारिएका आतङ्ककारीबाट हतियार, गोलाबारुद र ठूलो परिमाणमा अन्य हतियारजन्य उपकरण पनि बरामद गरिएको पनि सेनाले जनाएको छ। एजेन्सी

## अफगानिस्तानको बाल्ख गभर्नरको आफ्नै कार्यालयमा भएको विस्फोटमा मृत्यु

**काबुल**/उत्तरी अफगानिस्तानको बाल्खमा तालिबानद्वारा नियुक्त गभर्नरको आफ्नै कार्यालयमा भएको विस्फोटमा मृत्यु भएको छ।

बल्खको सुरक्षा विभागका प्रवक्ता मोहम्मद आसिफ वाजिरीले तालिबानद्वारा नियुक्त गभर्नर मोहम्मद दाउद मुजामिल उक्त विस्फोटमा मारिएको पुष्टि गरेका छन्। "शनिबार बिहान करिब ९:०० बजे, बल्खका गभर्नर मोहम्मद दाउद मुजामिललाई विस्फोटक पदार्थ बोकेका एक व्यक्तिले आत्मघाती विस्फोट गराउँदा गभर्नरसहित दुई नागरिकसहित मारिएका छन्।" त्यसैगरी विस्फोटबाट अन्य चारजनाको मृत्यु भएको छ जसमा तीन सैन्य सदस्य र एक सर्वसाधारण नागरिक रहेको बुझिएको छ।

यसैबीच इस्लामिक इमिरेट्सका प्रवक्ता जबिउल्लाह मुजाहिदले पनि ट्वीटरमा प्रान्तीय गभर्नरको हत्याप्रति दुःख व्यक्त गरेका छन्। बल्खको सुरक्षा विभागको विज्ञप्तिमा भनिएको छ - आत्मघाती भेस्ट लगाएका एक व्यक्तिले प्रान्तीय गभर्नरको कार्यालय नजिकै दोस्रो तलामा आफूलाई विस्फोट गराई उक्त हत्या गरेको टोलो न्युजले जनाएको छ। एजेन्सी

## संयुक्त राष्ट्रसङ्घद्वारा इरान-साउदी अरेबिया सम्बन्ध पुनः शुरु गर्ने सम्झौताको प्रशंसा

**संयुक्त राष्ट्रसङ्घ**/संयुक्त राष्ट्रसङ्घले शुक्रबार साउदी-इरानबीच कूटनीतिक सम्बन्ध पुनःशुरु गर्ने सम्झौताको स्वागत गरेको छ। साथै यस प्रक्रियामा चीनले खेलेको भूमिकाको प्रशंसा पनि गरेको छ।

"म महासचिवको तर्फबाट साउदी अरेबिया, इस्लामिक गणतन्त्र इरान र जनवादी गणतन्त्र चीनको संयुक्त त्रिपक्षीय समझदारीलाई स्वागत गर्न चाहन्छु, जसले शनिबार बेइजिङमा इरान र साउदी अरेबियाबीच भएको सम्झौतालाई पुनःशुरु गर्ने घोषणा गरेको छ र दुई महिनाभित्र कूटनीतिक सम्बन्ध पूर्ववत्रुपमा अगाडि बढ्ने छ।" संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफेन डुजारिकले दैनिक प्रेस ब्रिफिङमा बताउनुभएको छ।

ओमान र इराकजस्ता अन्य देशले गरेको प्रयासको प्रशंसा गर्दै उहाँले भन्नुभयो, "महासचिवले हालैको वार्ताको आयोजना गरेकोमा जनवादी गणतन्त्र चीनको प्रशंसा गर्नुभएको छ।" खाडी क्षेत्रको स्थायित्वका लागि इरान र साउदी अरेबियाबीचको "असल छिमेकी सम्बन्ध"लाई "आवश्यक" भनी वर्णन गर्दै डुजारिकले महासचिव "क्षेत्रीय वार्तालाई अझ अगाडि बढाउन र दिगो शान्ति र सुरक्षा सुनिश्चित गर्न" तयार रहेको बतउनु भएको छ। एजेन्सी

## चीनको शीर्ष राजनीतिक सल्लाहकार निकायको वार्षिक अधिवेशन सम्पन्न

**बेइजिङ**/चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलनको शीर्ष राजनीतिक सल्लाहकार निकायको १४औं राष्ट्रिय समितिको पहिलोसत्र शनिबार सम्पन्न भएको छ।

राष्ट्रपति सी चिनफिङ र अन्य चिनियाँ नेता बेइजिङको ग्रेट हल अफ द पिपुलमा आयोजित सत्रको समापन बैठकमा सहभागी हुनुभएको थियो। चिनियाँ कम्युनिष्ट पार्टीको १४औं राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङले बैठकको अध्यक्षता गर्नुभएको थियो।

सम्मेलनले १३औं राष्ट्रिय समितिको स्थायी समितिको कार्य प्रतिवेदनमाथिको प्रस्ताव, राजनीतिक सल्लाहकारको प्रस्तावको कामको प्रतिवेदनमाथिको प्रस्ताव, बडापत्रमा संशोधनसम्बन्धी प्रस्ताव नयाँ प्रस्तावको परीक्षणलगायतका विषय पहिलो सत्रले अनुमोदन गरेको छ। एजेन्सी

# स्ववियु निर्वाचनका लागि ४० जनाद्वारा मनोनयन दर्ता




**राजविराज**/आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसमा प्रत्यक्षतर्फ ४० जनाले उम्मेदवारी दर्ता गराएका छन्।

शनिबार भएको उम्मेदवारी मनोननय पत्र दर्ता कार्यक्रम अन्तरगत नेबि संघले महेश यादव सभापति तथा पहिलो पल्ट स्ववियु निर्वाचनमा सहभागि भएका विद्यार्थी जनमत संघले रामभजन मण्डल सभापति रहेको प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन्।

यस्तै समाजवादी विद्यार्थी युनियन, अखिल क्रान्तिकारी र लोकतान्त्रिक विद्यार्थी संघ गठबन्धन गरि प्यानलसहित उम्मेदवारी दर्ता गराएका छन्। यो गठबन्धनबाट समाजवादी विद्यार्थी युनियनका रंजित यादव सभापतिका उम्मेदवार हुन्।

एमाले निकटका अनेरास्ववियु र एकिकृत समाजवादी निकटका अनेरास्ववियुले पनि गठबन्धन गर्दै प्यानलसहित उम्मेदवारी दिएका छन्। यो प्यानलबाट एमाले निकटको अनेरास्ववियुका रंजिवकुमार साह सभापतिका उम्मेदवार बनेका छन्।

स्ववियु निर्वाचनमा पहिलो पटक सहभागि भएका अर्का राष्ट्रिय विद्यार्थी परिषद् तथा आम विद्यार्थी मोर्चाका तर्फबाट पनि उम्मेदवारी दर्ता भएको छ। परिषद्का तर्फबाट सचिव पदमा बिनयकुमार यादवले एकल उम्मेदवारी दिएका छन्। यस्तै मोर्चाका तर्फबाट सभापति पदमा डोलि कुमारी दासले उम्मेदवारी दिएकी छिन्।

समानुपातितर्फ ९ र प्रत्यक्षतर्फ १० गरि १९ पदका लागि हुने निर्वाचनमा कुल मतदाता संख्या १ हजार ९ सय १४ रहेको निर्वाचन अधिकृत रामअशिष यादवले जानकारी दिए।

त्रिविवि कार्यकारी परिषद्को निर्णय अनुसार चैत ५ मा देशभरका आंगिक, सामुदायिक र निजि क्याम्पसमा निर्वाचन हुँदैछ।

# संस्कृति ज्ञान परिक्षामा २३ जनाले बराबरी अंक ल्याएपछि गोलाप्रथाद्वारा नतिजा



**राजविराज**/हिन्दु स्वयसेवक संघ नेपाल सप्तरीले आयोजना गरेको स्वामी विवेकानन्द संस्कृती ज्ञान परिक्षामा सहभागि परिक्षार्थीहरु मध्ये २३ जनाले बराबरी अंक ल्याएपछि गोलाप्रथाद्वारा अन्तिम नतिजा निकालिएको छ।

शनिबार राजविराजस्थित स्थानिय पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयमा आयोजना गरिएको परिक्षामा ५० विद्यालयका ८ सय ५५ जना विद्यार्थी सहभागि भएका थिए। उक्त परिक्षामा विद्यार्थीहरुले ५० बहुबैकल्पिक उत्तर भएका प्रश्नको सही उत्तर छनौट गर्नुपर्ने थियो।

प्रश्न संघले नै तयार पारेको प्रश्नोत्तरी पुस्तकबाट सोधिएको थियो। प्रतियोगितात्मक परिक्षामा सहभागि मध्ये २३ जना विद्यार्थीहरुले ५० वटै प्रश्नको सही उत्तर दिएर सत्तप्रतिशत अंक ल्याएका थिए। ती मध्ये गोलाप्रथाबाट नतिजा निकाल्दा राजेश्वरी माध्यमिक विद्यालय (बलानबिहुल गाउँपालिका)का रमेशकुमार मण्डल प्रथम, दुर्गा सेकेन्ड्री स्कुल (राजविराज नगरपालिका)का श्रेयस मिश्रा द्वितिय तथा भसराज माध्यमिक विद्यालय (खडक नगरपालिका)का भरतप्रसाद मण्डल तृतिय भए।

तीनै जनाले कदरपत्र तथा क्रमश: ७ हजार, ५ हजार र ३ हजार नगद पुरस्कार हात पारे। परिक्षामा उत्तिर्ण भएर पनि गोलाप्रथाबाट छनौट हुन नसकेका अन्य २० जनाले कदरपत्र तथा शैक्षिक सामाग्रि पुरस्कार वापत प्राप्त गरे।

आयोजक हिन्दु स्वयसेवक संघ नेपाल सप्तरीका अध्यक्ष एवं पूर्वप्रधानाध्यापक भोगेन्द्र झा, प्रमुख अतिथि सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल, हिन्दु राष्ट्र स्वभिमान जागरण अभियानका केन्द्रिय सदस्य देवेश झा लगायतले परिक्षामा सफल भएका विद्यार्थीहरुलाई पुरस्कार बितरण गरेका थिए।

# आगलागीमा एकै घरका दुई बालबालिकाको मृत्यु

**उदयपुर**/उदयपुरको रौतामाई गाउँपालिकामा भएको आगलागीमा परी एकै घरका दुई बालबालिकाको मृत्यु भएको छ।

शुक्रबार साँझ भएको आगलागीमा परी रौतामाई गाउँपालिका-८ पाँबुका रामबहादुर मगरको छ वर्षीया छोरी जस्मिन र दुई वर्षीय छोरा रोजन मगरको मृत्यु भएको हो।

रामबहादुरको माटो र ढुङ्गाले बनेको दुईतले घरमा आगलागी हुँदा दुई छोराछोरीको मृत्यु भएको स्थानीय टेकराज रिखाम मगरले जानकारी दिए।

स्थानीय शिक्षक गौरवबहादुर मगरका अनुसार घटना भएलगत्तै दुवै जनाको बेहोस भएका थिए। उनीहरूको उद्धार गरी उपचारका लागि जिल्ला अस्पताल गाईघाट लगिएको थियो। जिल्ला प्रहरी कार्यालयको टोली र इलाका प्रहरी कार्यालय भुट्टारको टोली घटनास्थल पुगेर घटनाका विषयमा अनुसन्धान गरिरहेको छ। घटनामा मानवीय क्षतिसँगै घरमा भएका सबै सामग्री जलेर नष्ट भएका छन्।

आगलागीमा मगरको अन्नपात, लत्ताकपडा, भाँडावर्तन सबै जल्दा करिब रू १० लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ। आगो स्थानीय र प्रहरीले साँझ ६ बजे नियन्त्रणमा लिएको थियो। घटनास्थल सदरमुकामबाट करिब ४५ किलोमिटर र भुट्टारबाट छ किलोमिटर टाढा रहेको छ। विद्युत् सर्ट भई आगलागी भएको हुनसक्ने प्रहरीले अनुमान गरेको छ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*